**कार्यपालिका बैठक संख्या नं. ३७ स्थानः नगरपालिका भवन मिति २०८१/०६/२२ गते**

**<u>प्रस्तावहरुः</u>**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. नदीजन्य पदार्थको ठेक्का सम्बन्धमा।
४. प्रशासनिक भवनको म्याद थप सम्बन्धमा।
५. त्रिभुवन जन माध्यमिक विद्यालयको परियोजना सिफारिश सम्बन्धमा।
६. आयोजना प्रस्ताव गर्ने सम्बन्धमा।
७. होर्डिङ्ग वोर्ड हटाउने सम्बन्धमा।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ३६ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

(१) त्रिभुवन जन माध्यमिक विद्यालय सञ्चालन एवं व्यवस्थापन विनियमावली, २०८१

**निर्णय नं. ३**

शारदा नगरपालिकाको नदी क्षेत्रमा रहेको नदीजन्य पदार्थको मिति २०८१/०५/२० र २०८१/०६/०७ गते २/२ पटक ठेक्का आव्हान गर्दा पनि कुनै पनि प्रस्ताव प्राप्त नभएकोले विद्यमान बजार, बजारसम्मको पहुँचलाई ध्यानमा राखी तपसील बमोजिमको विवरणको आधारमा शारदा नदीको नदीजन्य पदार्थको मात्र प्रचलित कानून अनुसार पुनः ठेक्का सूचना आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**IEE प्रतिवेदन २०८० बमोजिम उत्खनन् गर्न सकिने परिमाण र सो बमोजिम हुने कुल अनुमानित आम्दानी रकम**

| क्र.स. | खोलाको नाम | उत्खनन् परिणाम(घनफिट) | शुल्क | जम्मा लागत रकम |
|---|---|---|---|---|
| १ | शारदा खोला | २,२२,८३४ घनफिट | ५ | ११,१४,१७०००/ |
| जम्मा | | २,२२,८३४ घनफिट | ५ | ११,१४,१७०००/ |
| अग्रीम आयकर | | | | १६,७१२/५५ |
| मूल्य अभिवृद्धि कर | | | | १,४४,८४२/१० |
| कूल अनुमानित आम्दानी रकम | | | | १२,७५,७२५/६५ |

**निर्णय नं. ४**

यस शारदा नगरपालिकाको तपसीलका आयोजनालाई थप आर्थिक व्ययभार नपर्ने गरी तपसील अनुसारको समयसीमाका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि न | आयोजनाको नाम | सम्झौता अवधि | थप अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिकाको प्रशासनिक भवन निर्माण | २०८१/०६/३० | २०८२/०३/२० | |

**निर्णय नं. ५**

शारदा नगरपालिका वार्ड नं २ मा रहेको त्रिभुवन जन माध्यमिक विद्यालयको भवन निर्माण सम्बन्धी परियोजना नेपाल सरकार मार्फत भारतीय दुतावासमा सिफारिश गर्ने निर्णय गरियो ।

कार्यपालिका बैठक २०८१ असोज २२ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**निर्णय नं. ६**

पूर्वाधार विकास कार्यालय, सल्यानको च. न. ९७ मिति २०८१/०६/०९ को पत्रानुसार गत वर्ष गएको भूकम्पबाट क्षतिग्रस्त भएका सामुदायिक तथा सरकारी स्वास्थ्य संस्थाको पुनर्निमाणका लागि प्रस्वाव पेश गर्न भनी अनुरोध भई आएकोले तपसीलका विद्यालयहरुको पुनर्निमाणका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| सि. नं. | विद्यालयको नाम | ठेगाना | कोठा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जनकल्याण आ. वि., तल्लो मार्के | शारदा न. पा. - ५ | ३ | |
| २ | भगवती आ. वि., सल्यानचौर | शारदा न. पा. - १३ | २ | |

**निर्णय नं. ७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विज्ञापन नियमित गर्ने ऐन, २०७६ को दफा ४ बमोजिम कुनै पनि व्यक्ति संस्था निकाय कम्पनीले होर्डिङ्ग वोर्डबाट विज्ञापन गर्दा नगरपालिकासंग कुनै पनि अनुमति लिएको अभिलेखबाट देखिन नआएकोले शहरी सुन्दरतालाई ध्यानमा राखी नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी घरका छत तथा जमिनमा रहेका सबै होर्डिङ्ग वोर्ड सूचना प्रकाशनको मितिले ७ दिन भित्र हटाउने निर्णय गरियो।

कार्यपालिका बैठक २०८१ असोज २२ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत